# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, जेठ ८ गते २०४२ साल (अतिरिक्ताङ्क ८

## भाग ४

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको सूचना

श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिवालयका प्रमुख सैनिक सचिव रथी श्री दानगंभिर सिं रायमाझीको शाही नेपाली सेनाको रथी पदको पदावधि समाप्त भएको हुनाले शाही नेपाली सेना र मौसूफका प्रमुख सैनिक सचिवको पदबाट समेत निजले आजदेखि अवकाश प्राप्त गर्नु भएको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

## राष्ट्रिय पञ्चायत सचिवालयको सूचना

श्री ५ महाराजाधिराज सरकारबाट नेपालको संविधान बमोजिम राष्ट्रिय पञ्चायतका माननीय सदस्यहरूलाई राष्ट्रिय पञ्चायतको छत्तीसौं अधिवेशनको लागि २०४२ साल जेष्ठ ३१ गते बिहीवारका दिन दिनको १.०० बजे सिंहदरबार ग्यालरी बैठक, काठमाडौंमा बोलाइबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
स्यामकृष्ण भटराई
राष्ट्रिय पञ्चायतको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

55

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१००